स्थानीय सरकार
LOCAL GOVERNMENT
# लेटाङ नगरपालिका
LETANG MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
OFFICE OF MUNICIPAL EXECUTIVE
लेटाङ, मोरङ
LETANG, MORANG

021 | 56033, 56055, 56004
कोशी प्रदेश, नेपाल
KOSHI PROVINCE, NEPAL
Eamil: letangmunicipality@gmail.cor

पत्र सं. (Ref No.) ०८३।०८४
च.नं. (Des. No.): ११८

मिति (Date): २०८३।०४।१८

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको सूचीकरण तथा नवीकरण सम्वन्धमा ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा (तेश्रो संशोधन) नियमावली, २०८२ को नियम (९) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा (७) बमोजिम सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र सम्वन्धित वडा कार्यालयमा आफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था भएकोले सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनु भएका लाभग्राहीहरुले तोकिएको समयभित्र स्वयम् उपस्थित भई परिचयपत्र नवीकरण गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त, असहाय वा नब्बे वर्ष माथिको जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए तापनि लाभग्राहीको रुपमा सूचिकरण तथा नविकरण गर्न सकिनेछ ।

देहायः

| क.सं. | सामाजिक सुरक्षाको किसिम | अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु |
|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक र जेष्ठ नागरिक दलित | १. नेपाली नागरिकता प्रमाणपत्रको सक्कल<br>२. सामाजिक सुरक्षा भत्ता परिचयपत्रको सक्कल कागजात<br>३. राष्ट्रिय परिचयपत्र नं, / NIN<br>४. सम्पर्क नं. र गाउँ/टोलको नाम |
| २ | जेष्ठ नागरिक एकल महिला र विधुवा महिला | १. नेपाली नागरिकता प्रमाणपत्रको सक्कल<br>२. सामाजिक सुरक्षा भत्ता परिचयपत्रको सक्कल<br>३. विधवा महिलाको हकमाः पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको भनि वडाको पत्र (बडाबाट लिन सकिने)<br>४. एकल महिलाको हकमा हालसम्म एकल रहेको भनि बडाको पत्र<br>५. राष्ट्रिय परिचयपत्र नं. / NIN<br>६. सम्पर्क नं. र गाउँ/टोलको नाम |
| ३ | अति अशक्त अपाङ्गता (निलो कार्ड) र पुर्ण अपाङ्ग (रातो कार्ड) | १. नेपाली नागरिकता / जन्मदर्ता प्रमाणपत्रको सक्कल<br>२. सामाजिक सुरक्षा भत्ता परिचयपत्रको सक्कल<br>३. अपाङ्गता परिचयपत्रको सक्कल र प्रतिलिपि<br>४. संरक्षकको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र राष्ट्रिय परिचयपत्र नम्वर<br>५. लाभग्राहीको राष्ट्रिय परिचयपत्र नं., सम्पर्क नं. र गाउँ/टोलको नाम |
| ४ | दलित बालबालिका (५ वर्षमुनिका) | १. जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>२. संरक्षकको नेपाली नागरिकता प्रमाणपत्र<br>३. सम्पर्क नं. र गाँउ/टोलको नाम |

शशि राई
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध नगर, सुखी नगरवासी